# बुटवल पावर कम्पनी लि.
# प्रेस विज्ञप्ती

यस बुटवल पावर कम्पनी लिमिटेडको २७औं वार्षिक साधारण सभा आज मिति २०७६ पौष २४ (तद्नुसार जनवरी ९, २०२०) का दिन कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष श्री पद्‌म ज्योतिज्यूको अध्यक्षतामा सम्पन्न भयो । सो सभाले सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०७५/७६ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तिय विवरणहरू, आ.व. २०७५/७६ को खुद मुनाफा तथा संचित मुनाफाबाट शेयरधनीहरूलाई चुक्ता पूँजीको १८ प्रतिशत नगद लाभांश र १० प्रतिशत बोनस शेयर वितरण गर्ने, आ.व. २०७६/७७ का लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने लगायतका सबै प्रस्तावहरू पारित गरेको छ । कम्पनीले मर्स्याङ्दी नदीमा चिनिया साझेदारहरूसंग मिलेर निर्माण गर्न गईरहेको तीन जलविद्युत आयोजनाहरू (१३५ मे.वा.को मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना, १३९ मे.वा. को तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना, ३२७ मे.वा.को माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना) क्यासकेड आयोजनाकोरूपमा निर्माण गर्नका लागि सभाले मार्ग प्रशस्त गरेको छ । जस अनुसार मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको २०% शेयर स्वामित्व आफ्नो नाममा कायम राखी बाँकी शेयरहरू चिनिया साझेदारहरूलाई बिक्री हस्तान्तरण गर्ने तथा आफ्नो नाममा २०% शेयर स्वामित्व कायम रहने गरी तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको आयोजना कम्पनी स्थापना गरी आयोजनाको निर्माण कार्य अघि बढाइने छ । माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनामा यस कम्पनीको यसअघिनै २०% शेयर स्वामित्व कायम रहेको छ । उल्लेखित क्यासकेड आयोजनाहरूलाई निर्माणको चरणमा आवश्यक विद्युत आपूर्ति गर्न तथा सो पश्चात् उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्नका लागि मनाङ जिल्लामा ७.९ मेगावाट क्षमताको चिनोखोला जलविद्युत आयोजनाको अध्ययनका कार्यहरू सम्पन्न गरी निर्माणका लागि आवश्यक तयारी कार्यहरू शुरू गरिएको छ । हाल कम्पनीको मुख्य लगानीमा दुई जलविद्युत आयोजनाहरू निर्माणाधिन छन् । जसमा ३० मे.वा.को न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । अर्को ३७.६ मे.वा. को कावेली ए जलविद्युत आयोजनाको निर्माण कार्य ठेकेदारसंगको ठेक्का अन्त्य भएको कारण रोकिएको छ र सो आयोजनाको निर्माण कार्यलाई विश्व बैंकको कर्जा प्रवाहको अवधि थप गराएर यथासिघ्र सुचारू गर्ने तर्फ प्रयास भईरहेको छ । कम्पनीको २७औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने शेयरधनीहरू प्रति धन्यवाद व्यक्त गर्दछौं । साथै, कम्पनीको प्रगतिका लागि प्रत्यक्ष वा परोक्षरूपले सल्लाह, सहयोग, मार्ग दर्शन गर्ने तथा योगदान दिने सम्बद्ध सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्दछौ ।

धन्यवाद ।

मितिः २०७६ पौष २४ गते ।